Australian Government

# अष्ट्रेलियामा अध्ययन

जैविक सुरक्षा



यदि तपाईं अष्ट्रेलियामा अध्ययन गर्नको लागि योजना बनाइरहनु भएको अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने, आफ्नो सामान बाध्नु अगाडि जैविक सुरक्षाको बारेमा जान्न जरुरी हुन्छ। बाहिरबाट ल्याइने निश्चित खाना, वनस्पतीजन्य तथा पशुजन्य उत्पादनले हाम्रो महत्त्वपूर्ण कृषि तथा पर्यटन उद्योग र हाम्रो आफ्नै वातावरणलाई क्षति पुऱ्याएर अष्ट्रेलियामा गम्भीर किट तथा रोगहरू ल्याउन सक्छ।

केही उत्पादनहरूलाई स्वीकृति दिन नसकिने हुन्छ जबकि जैविक सुरक्षा आयात शर्तहरू पूरा गरेर मात्र अरू उत्पादनहरूलाई आयात गर्न दिइन्छ।

**यदि तपाईंले घोषणा गर्नु भएन वा गलत घोषणा गर्नुभयो भने जरिवाना हुनसक्छ। उदाहरणको लागि तपाईंलाई A$2,664 सम्म जरिवानको उल्लंघन सूचना दिन सकिनेछ। तपाईंको प्रवेशाज्ञा (भिषा) रद्द गरिन सकिनेछ र यदि यसो भएमा तपाईंलाई अष्ट्रेलिया प्रवेशमा रोक लगाइनेछ र अष्ट्रेलियाबाट हटाउनको लागि अध्यागमनको थुनामा राखिनेछ। यदि तपाईंलाई कुनै सामानको बारेमा अनिश्चित हुनुहुन्छ भने यसलाई घोषणा गर्नुहोस्, वा यसलाई ल्याउनुहोस्।**

यदि तपाईंले खाना, वनस्पतीजन्य वा पशुजन्य उत्पादनहरू नल्याउनुभए बिमानस्थलबाट छिट्टै निस्कनु हुन्छ। अष्ट्रेलियामा प्रायः सबैजसो वस्तुहरू सजिलै खरीद गर्न सकिन्छ।

तपाईंलाई समुन्द्रपारबाट भेट्न आउनुहुने परिवारका सदस्य र साथीहरूलाई खाना, वनस्पतीजन्य तथा पशुजन्य उत्पादनहरू अष्ट्रेलियामा नल्याउनुहोस् भनेर भन्न जरुरी छ। तथापि, यदि उनीहरूले यस्ता सामानहरू आफूसँग ल्याएमा, उनीहरूले त्यसलाई पनि घोषणा गर्नुपर्नेछ।



# अनुमति दिइएका वस्तुहरू

## खाना

देहायका व्यवसायिक रूपमा तयार गरिएका र प्याकेज गरिएका वस्तुहरू ल्याउन अनुमति दिइएको छः

- ब्रेकफास्टका अन्नहरू
- चकलेट
- कफी—इन्स्ट्यान्ट, धुलो वा भुटेको (कोपी लुवाक बाहेक)
- कन्फेक्सनरी (भारतीय दूग्ध मिठाई र मासु भएको मिठाई बाहेक)
- तयारी चाउचाउ
- मुएल्सी बार
- सादा रोटी, रोल वा बन (नभरेको वा टोपिंग्स नगरेको)
- चिया (कालो र हरियो चिया मात्र)।







## घरायसी सामान र कपडा

अष्ट्रेलिया आउनु अगाडि यी वस्तुहरू सफा र वियाँ, माटो, बोक्रा, किरा, खानाको अवशेष, जनावरको तन्तु, वनस्पतीको अवशेषबाट मुक्त र अन्य जैविक सुरक्षा जोखिमयुक्त पदार्थ नभएको हुनुपर्छ:

- ✓ बाँसको सामान (ताजा वा हरियो बाँस नभएर, सुकेको बाँसबाट बनेको हुनुपर्छ)
- ✓ ओच्छ्यान
- ✓ कपडा
- ✓ व्यवासायिक रुपमा तयार पारिएको र प्याकेज गरिएको श्रृंगारका सामान र व्यक्तिगत सरसफाइका उत्पादनहरू
- ✓ डाउन (हाँसको प्वाँख) र प्वाँख भरिएका सामान (ज्याकेट, सुत्ने झोला, सिरक र सिरानी लगायत)
- ✓ भान्छाको सामान (प्यान, ब्लेन्डर र राइस कुकर लगायत)
- ✓ वाद्य यन्त्रहरू
- ✓ जुत्ताहरू
- ✓ काठका सामानहरू।

**सचेत हुनुहोस् कि केही खेलौना, हिट तकिया, स्नो डोम र उपहार सामग्रीमा आयातका शर्तहरु लागू हुने वस्तुहरु रहेका हुन सक्छन् जस्तै: खेर गएको कपास, गहुँको दाना, बिउ, सिमी, माटो, छवाली वा पानी।**





## अन्य वस्तुहरू

देहायका वस्तुहरू जैविक सुरक्षा जोखिमका होइनन् र यिनीहरूलाई अष्ट्रेलियामा ल्याउने अनुमति छः

- ✓ रक्सीजन्य पेय पदार्थ, चुरोट र अन्य प्रशोधित सुर्तीजन्य पदार्थ
- ✓ इलेक्ट्रोनिक सामान (ल्यापटप, ट्याबलेट, फोन र क्यामेरा लगायत)
- ✓ बहुमूल्य सामान (गहना, घडी तथा नगद लगायत)।

यी आयातहरूलाई गृह मामिला विभागले नियमन गर्छ जसले यी सामान छोड्नु अगाडि निरिक्षण गर्नुपर्ने हुन सक्छ। सीमाबाट सामान छुटाउने र भन्सार तथा करको बारेमा थप जानकारीका लागि **homeaffairs.gov.au** मा हेर्नुहोस्।

काउन्टरबाट (बिना पर्ची) खरीद गर्ने औषधि, भिटामिन सप्लिमेन्ट र अन्य थेराप्युटिक सामानहरूको लागि **tga.gov.au** मा Therapeutic Goods Administration हेर्नुहोस्।







# नल्याउनुहोस्

- ✖ दूध उत्पादन (दूध, चिज, दही र नौनी लगायत)
- ✖ सुकेको खुर्सानी/ भिडे खुर्सानी (व्यवसायिक रूपमा पिसेको वा पिंधेको बाहेक)
- ✖ अन्डा र अन्डाजन्य उत्पादनहरू (सिंगो, सुकेको र धुलो पारिएको अन्डा, सेन्चुरी अन्डा, अन्डाको चाउचाउ र अन्डा भएको मायोनिस, सस वा कस्टर्ड लगायत)
- ✖ फूलहरू (ताजा काटेको वा सुकेको लगायत)
- ✖ पशु लक्षित खाना वा औषधि (जुकाको गोली, एन्डीबायोटिक, क्यान गरिएको वा सुकाइएको घरपालुवाको खाना लगायत)
- ✖ फलफूल तथा सागसब्जी (छोकडा, स्याउ, केरा तथा अमिला फल लगायत)
- ✖ घरमा पकाइएको खाना (व्यवसायिक रूपमा तयार नगरिएको र प्याकेज नगरिएको कुनै पनि खाना)
- ✖ जीवित जनावर (चौपाया, चराको अन्डा, किरा, उभयचर, रेप्टाइल, माछा वा रेशम किरा लगायत)
- ✖ आफ्नो उडानमा दिइएको खाना वा खाजा (फल, दही, दूग्धजन्य पेयपदार्थ र स्यान्डविच लगायत)
- ✖ मासु (सलामी, ससेज र ह्याम लगायत)
- ✖ वनस्पती (भाँडोमा उमारिएको विरूवा र त्यसबाट निस्केको डाँठ वा भागहरू)
- ✖ दालहरू (सिमी, मुसुरो, केराउ र चनालगायत)
- ✖ चामल
- ✖ विज (मसला लगायत) र बदामको विज
- ✖ विज वा रोप्नका लागि गाठाँ
- ✖ माटो (नमूना वा उपकरण वा जुत्ताको फोहोर)
- ✖ फोहोर वा भिजेको खेल/क्याम्पिंग गर्ने उपकरण
- ✖ जडिबुटी, पशुजन्य पदार्थ वा सुकेको औषधीजन्य च्याउ (आयातमा कडा शर्त लागू हुने) भएका परम्परागत उपाय र औषधीहरू
- ✖ गहुँ (व्यवसायिक रूपमा पिसेको वा पिंधिएको बाहेक)।

सबैभन्दा पछिल्लो आयात शर्तहरूका लागि अष्ट्रेलियाको जैविक सुरक्षा आयात शर्त प्रणाली (BICON) **awe.gov.au/bicon** मा हेर्नुहोस्।










# सामान प्याक गर्दा

तपाईंले आफ्नो ब्याग आफैले प्याक गर्नुपर्छ र यसमा भएका सबै सामानको बारेमा जानकार हुनुहोस्। तपाईंको ब्यागमा भएको सबै सामान तपाईंको जिम्मेवारी हो। आगमनमा घोषणा गर्नुपर्ने सामानलाई छुट्टै झोलामा राख्नुहोस् वा लगेजको सबैभन्दा माथि राख्नुहोस्।

# आइपुगेपछि

तपाईंको आगन्तुक यात्रीको घोषणा भर्नुहोस्। तपाईंले खाना, वनस्पतीजन्य पदार्थ वा पशुजन्य पदार्थ बोक्नु भएमा घोषणा गर्नुपर्ने हुन्छ। यदि तपाईंले घोषणा गर्नुभएन वा गलत घोषणा गर्नुभयो भने तपाईंलाई जरिवाना हुनसक्छ। उदाहरणको लागि, तपाईंलाई A$2,664 सम्म जरिवानाको उल्लंघन सूचना दिन सकिनेछ। तपाईंको प्रवेशाज्ञा (भिषा) रद्द गरिन सकिनेछ र, यदि यसो भएमा, तपाईंलाई अष्ट्रेलिया प्रवेशमा रोक लगाउन सकिनेछ र अष्ट्रेलियाबाट नहटाएसम्म अध्यागमनको थुनामा राख्न सकिनेछ।

यदि तपाईंले अष्ट्रेलियामा ल्याउन नहुने समानहरू ल्याउनु भयो तर यी सबै सामानहरू घोषणा गर्नुभयो र देखाउनु भयो भने तपाईंलाई *जैविक सुरक्षा ऐन 2015* अन्तर्गत दण्डित गरिने छैन।

तपाईंले ल्याउनु भएको खाना, वनस्पती तथा पशुजन्य पदार्थ विमानस्थलमा भएको रद्दीटोकरीमा स्वेच्छिक रूपमा फ्याँक्ने अवसर हुनेछ। एयरलाइन मार्फत उडानको बेलामा प्राप्त गर्नुभएको कुनै पनि खाना तुरून्त फ्याक्न नबिर्सनुहोस्।

जैविक सुरक्षा सम्बन्धी चासोका सामानहरूको पहिचान गर्नको लागि तपाईंको ब्यागेजको निरिक्षण हुन सक्नेछ। यसमा जैविक सुरक्षा अधिकारीले सोधपुछ गर्ने वा एक्स–रे, जासुसी कुकुर र/वा भौतिक निरीक्षणको गरेर जाँच हुन सक्नेछ।

यदि तपाईंले ल्याउनुभएको सामान अष्ट्रेलियाको आयात मापदण्डभित्र नपरेमा तपाईंको खर्चमा ती सामानलाई सुरक्षित गर्न, निर्यात गर्न वा नष्ट गर्न निर्देशन दिन सकिनेछ।

जैविक सुरक्षा जोखिम नपुर्‍याउने सामानहरू निरिक्षण पछि तपाईंलाई फिर्ता दिइनेछ।

# घरबाट आउने पार्सल

अस्ट्रेलियमा हुलाकमार्फत पठाइने सामानमा पनि सोही आयात शर्तहरू लागू हुन्छ। तपाईंले विदेश बस्ने परिवारका सदस्य र साथीहरूलाई अष्ट्रेलियाको जैविक सुरक्षा कानूनको बारेमा र खाना, वनस्पती वा पशुजन्य पदार्थ नपठाउनु भनेर भन्न जरुरी छ।

# थप जानकारी

अष्ट्रेलियामा सामान ल्याउन र पठाउनका लागि थप जानकारीका लागि **awe.gov.au/travelling** मा जानुहोस् वा **imports@awe.gov.au**. मा ईमेल गर्नुहोस्।

आयात शर्तहरूको बारेमा विस्तृत जानकारीको लागि **awe.gov.au/bicon** मा जानुहोस्।



फोन: 1800 900 090 वा
+61 3 8318 6700 (अष्ट्रेलिया बाहिरबाट)

**awe.gov.au/studying**

**Facebook:** Australian Biosecurity
**Twitter:** @DeptAgNews

ABIO201.0721